स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली चलचित्रका चर्चित अभिनेता पल शाह नयाँ चलचित्र "चानिमाया"मार्फत दर्शकमाझ आउने तयारीमा छन्। ओम प्रतीक गुरुङको लेखन तथा निर्देशनमा निर्माण भइरहेको चलचित्रको छायांकन गत साउनदेखि सुरु भएको थियो। सामाजिक प्रेमकथामा आधारित यस चलचित्रलाई आगामी फागुन ७ गते प्रदर्शन गर्ने तयारी गरिएको छ। "चानिमाया"मा पल शाहसँगै अभिनेत्री अञ्जना मगर मुख्य भूमिकामा देखिनेछिन्।

आजको विचार...



पुरानोको...
(दुई पेजमा)

टेकेन्द्र जोशी

नेपाली चलचित्रका लोकप्रिय अभिनेता प्रदीप खड्का नयाँ चलचित्र "शुभविवाह" मार्फत दर्शकमाझ आउने तयारीमा छन्। अभिनेता खड्का र अभिनेत्री सनिशा ग राईको मुख्य भूमिका रहेको चलचित्रको छायांकन सम्पन्न भइसकेको छ। आगामी फागुन २१ गते अर्थात् सन् २०२६ मार्च ५ मा चलचित्र प्रदर्शन गर्ने तयारी गरिएको छ। सुदर्शन थापाको निर्देशनमा बनेको "शुभविवाह" उनको नयाँ प्रेमकथामा आधारित चलचित्र हो। यस चलचित्रमार्फत प्रदीप र सनिशाले पहिलोपटक पर्दामा जोडीका रूपमा अभिनय गरेका छन्।



❐ वर्ष ३२ ❐ अंक १०३ ❐ २०८३ कार्तिक १८ गते बिहीबार 5 November 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

उत्तर कोरियाद्वारा क्षेप्यास्त्र प्रक्षेपण

एजेन्सी

सियोल, कार्तिक १८/उत्तर कोरियाले बुधबार आफ्नो पूर्वी तटबाट समुद्रतर्फ अज्ञात क्षेप्यास्त्र प्रक्षेपण गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ । अमेरिकासँगको सम्भावित कूटनीतिक संवाद र ह्युाकिङसम्बन्धी आरोपबीच प्योङयाङले हतियार परीक्षणलाई निरन्तरता दिएको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनसँग संवाद पुनः सुरु गर्ने इच्छा व्यक्त गरेपछि प्योङयाङले अमेरिकासँगको सम्भावित वार्तामा आफ्नो प्रभाव बढाउन हतियार परीक्षण तीव्र पारेको विश्लेषण गरिएको छ । विश्वकै ठूलो क्रिप्टोकरेन्सी विनिमय मञ्च बाइनान्समा छ अर्ब अमेरिकी डलरभन्दा बढीको चोरीमा उत्तर कोरियाली ह्याकर संलग्न रहेको अमेरिकी सैन्य अनुसन्धान ब्युरो (एफबीआई) को आरोपलाई उत्तर कोरियाले अस्वीकार गरेको छ । एफबीआईले उक्त आक्रमणलाई गत वर्ष बाइबिटमा एक अर्ब ५० करोड अमेरिकी डलर चोरी गरेको आरोप लागेको 'ट्रेडरट्रेटर' समूहसँग जोडेको छ । उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनी किम यो जोङले अमेरिकी आरोपलाई वासिङ्टनको शत्रुतापूर्ण नीतिको निरन्तरताका रूपमा आलोचना गरेकी छन् ।

तिहारको खुसी खोज्दै पाल्पा आइपुगे राउटे

काठका सामग्री बेचेर जुटाउँदै चाडपर्व खर्च

रामचन्द्र रायमाझी

पाल्पा, कार्तिक १८/ तिहारको रौनक सुरु हुँदै गर्दा लोपोन्मुख राउटे समुदायका पाँच सदस्य चाडपर्व मनाउने खर्च जुटाउन पाल्पा आइपुगेका छन् । कर्णाली प्रदेशको सुर्खेतमा बसोबास गर्दै आएका उनीहरू आफ्नै हातले निर्माण गरेका काठका सामग्री बिक्री गर्दै तिहारका लागि आवश्यक रकम जुटाउन यहाँ आइपुगेका हुन् ।

गाडीको यात्रा गरेर पाल्पा आइपुगेका उनीहरूको साथमा पिर्का, आरी, कोसीलगायत परम्परागत सीपबाट तयार पारिएका काठका सामग्री छन् । ती सामग्री बिक्री गरेर केही आम्दानी गर्ने र अपुग रकम स्थानीयसँग सहयोग मागेर जुटाउने उनीहरूको प्रयास छ । पुस्तौंदेखि अपनाउँदै आएको परम्परागत सीप र श्रमबाट तयार पारिएका काठका सामग्री बिक्री गरेर दैनिक गुजारा चलाउनुका साथै चाडपर्वका लागि खर्च जुटाउने गरेको समुदायका सदस्य बन्दवीर शाहीले बताए । "अब तिहार आइसक्यो, मिठो खानेकुरा पनि खानुपर्छ," शाहीले भने, "हामीसँग पैसा हुँदैन । त्यसैले आफैंले बनाएका भाँडाकुँडा बेच्ने र सहयोग मागने गरेका छौं ।"



उनका अनुसार विगतमा जङ्गलका रुखबाट काठका ठेकी, कोसीलगायत सामग्री बनाएर बिक्री गरी जीविकोपार्जन गर्ने गरिएको थियो । तर अहिले जङ्गलमा रुख काट्न सहज नभएपछि परम्परागत पेसाबाट आम्दानी गर्न कठिन भएको छ । यसले गर्दा समुदायका सदस्यहरू आर्थिक आवश्यकताका लागि विभिन्न ठाउँमा पुगेर सहयोग संकलन गर्न बाध्य भएका छन् । "पहिले जङ्गलमा भएका रुख काटेर ठेकी, कोसी बनाएर बिक्री गर्थ्यौं र आफ्नो खर्च चलाउँथ्यौं । अहिले रुख काट्न पाइँदैन । त्यसैले हामीसँग पैसा हुँदैन र सहयोग उठाउन हिँड्नुपर्छ," उनले भने । दसैं पनि यसैगरी खर्च जुटाएर मनाएको बताउँदै शाहीले तिहारमा समुदायका सदस्यसँग रमाइलो गर्न र मिठोमसिनो खान केही रकम जुटने आशा व्यक्त गरे । उनका लागि पाल्पाको यात्रा केवल सामग्री बिक्री गर्ने अवसर मात्र नभई चाडपर्वको खुसी खोज्ने प्रयास पनि बनेको छ । तानसेन बजारमा काठका सामग्री बिक्री गरिरहेका राउटे सदस्यप्रति स्थानीयवासी तथा बजारमा आवतजावत गर्ने सर्वसाधारणको ध्यान तानिएको छ । उनीहरूले बनाएका परम्परागत सामग्री हेर्ने, खरिद गर्ने र उनीहरूसँग तस्बीर खिचाउनेहरू पनि देखिएका छन् । आधुनिक सामग्रीको प्रयोग बढ्दै गए पनि राउटे समुदायले भने पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको काठका सामग्री निर्माण गर्ने सीपलाई जोगाइरहेका छन् । राउटे समुदायको जीवनशैली पछिल्लो समय उल्लेख्य रूपमा परिवर्तन हुँदै गएको छ । कुनै समय 'पैसा छोए पाप लाग्छ' भन्ने मान्यता राख्ने यो समुदाय अहिले नगद कारोबार गर्न थालेको छ । विगतमा अन्नसँग काठका सामग्री साटेर जीविकोपार्जन गर्ने उनीहरू अहिले विभिन्न जिल्ला पुगेर सामग्री बिक्री गर्ने, स्थानीय तह तथा सरकारी कार्यालयमा सहयोग माग्ने र समुदायको आवश्यकता पूरा गर्ने प्रयासमा छन् ।

तस्बिर खिच्न चाहनेहरूसँग समेत उनीहरुले रकम माग्ने गरेको पाइन्छ । राउटे समुदायको परम्परागत जीवनशैलीमा आएको परिवर्तनसँगै उनीहरूको जीविकोपार्जनका आधारसमेत कमजोर हुँदै गएका छन् । बाँदरको संख्या घट्दै जानु, सामुदायिक वनमा सहजै रुख काट्न नपाउनु तथा विभिन्न सैसंस्थाको प्रभाव बढ्दै जानुलाई उनीहरूको परम्परागत पेसा प्रभावित हुनुका कारणका रूपमा लिइएको छ । परम्परागत सीप र श्रममा आधारित जीवनयापनबाट पर्याप्त आम्दानी हुन नसकेपछि उनीहरू पछिल्लो समय बाह्य सहयोगमा निर्भर हुन थालेका छन् ।

सुरक्षित यात्रा गरौं

- सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।

दुर्घटनाबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कार्की आईजीपीबाट हटाइए, केसीलाई दिइयो जिम्मेवारी

पाल्पा, कार्तिक १८/ सरकारले नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीलाई जिम्मेवारीबाट हटाएर एआईजी मनोज केसीलाई नयाँ जिम्मेवारी दिएको छ । बुधबार अकस्मात् बसेको मन्त्रिपरिषद्को बैठकले कार्कीलाई जिम्मेवारीबाट हटाउँदै केसीलाई नयाँ जिम्मेवारी दिएको हो ।

कार्कीलाई भने प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारको जिम्मेवारी दिइएको छ । प्रधानमन्त्री कार्यालयमा नयाँ दरबन्दी खडा गरेर कार्कीलाई नियुक्त गर्ने निर्णय भएको हो । यसअघि आईजीपी कार्कीलाई सरकारले हटाउन चाहेको समाचार प्रकाशित भएको थियो । कार्कीले गत कात्तिक २७ गतेदेखि महानिरीक्षकको कार्यभार सम्हालेका थिए । १३ कार्तिकमा सरकारले प्रहरी प्रमुखलाई हटाउन चाहेको चर्चा सार्वजनिक भएको थियो । त्यही पृष्ठभूमीमा कार्कीले आकस्मिक रूपमा उच्च अधिकृतहरूको बैठक बोलाएका थिए । आईजीपीमा नियुक्त केसी



अपराध अनुसन्धानमा विशेष दक्षता राख्ने प्रहरी अधिकारीका रूपमा परिचित छन् । २०५४ चैत २८ गते प्रहरी निरीक्षकबाट नेपाल प्रहरीमा प्रवेश गरेका उनले आफ्नो व्यावसायिक जीवनको अधिकांश समय अपराध अनुसन्धान, शान्ति सुरक्षा र प्रहरी संगठनको संस्थागत सुधारमा बिताएका छन् ।

प्रहरी सेवाको सुरुवाती चरणदेखि नै अनुसन्धानमा सक्रिय केसीले मोरङ र रूपन्देही जिल्ला प्रहरी प्रमुखको जिम्मेवारी सम्हालिसकेका छन् । त्यसैगरी काठमाडौं उपत्यकाका अपराध महाशाखा प्रमुखका रूपमा रहँदा उनले चर्चित नक्कली भुटानी शरणार्थी प्रकरणमा भएको ठगी तथा संगठित अपराधको अनुसन्धानको नेतृत्व गरेका थिए ।

उक्त प्रकरणको अनुसन्धानले उनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चर्चामा ल्याएको थियो । केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को नेतृत्व सम्हाल्दा उनले विभिन्न जटिल आर्थिक तथा संगठित अपराधका घटनाको अनुसन्धान गरेका थिए। नक्कली हवाई उद्धार ठगी, स्मार्ट टेलिकममा भएको ठगी, प्रभु ग्रुपअन्तर्गतका बैंक तथा संस्थासँग जोडिएका संगठित ठगी, धितोपत्र तथा विमा ठगी, क्रिप्टोकरेन्सी कारोबारसँग सम्बन्धित अपराध र सरकारी जग्गा अतिक्रमण तथा हिनामिनाका घटनामा उनले अनुसन्धानको नेतृत्व गरेका थिए । सरकारले आईजीपीबाट कार्कीलाई हटाएपछि उनले कानुनी परामर्श सुरू गरेका छन् ।

केसीलाई आईजीपीमा नियुक्त गर्ने निर्णय गरे पछि प्रहरी भित्र ३० वर्ष अघिको पुरानो घटना दोहोरोरिएको चर्चा सार्वजनिक वृत्तमा भइरहेको छ । २०५३ फागुनमा तत्कालीन प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्द र गृहमन्त्री वामदेव गौतमको सरकारले बहालवाला तत्कालीन आईजीपी अच्युतकृष्ण खरेललाई हटाएर एआईजी ध्रुवबहादुर प्रधानलाई प्रहरी महानिरीक्षक बनाएका थिए ।

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

तिहारमा स्वदेशी फूलका माला प्रयोग गरौं

हिन्दु नेपालीहरूको दोस्रो ठूलो चाड तिहार नजिकिँदै गर्दा बजारमा फूलमालाको चहलपहल बढ्न थालेको छ । विशेषगरी दिदीबहिनीले दाजुभाइलाई भाइटीकाका दिन लगाइदिने माला तिहारको सांस्कृतिक र भावनात्मक पहिचानसँग जोडिएको हुन्छ । सयपत्री, मखमली र गोदावरीलगायत फूलका मालाले तिहारको रौनक थप्छन् । तर पछिल्लो समय तिहारमा प्रयोग हुने फूलमालामा विदेशी फूल तथा आयातित सामग्रीको निर्भरता बढ्दै जानु चिन्ताको विषय बनेको छ । यस्तो अवस्थामा तिहारमा स्थानीय फूलका माला प्रयोग गर्ने संस्कृतिलाई प्रोत्साहन गर्नु आवश्यक छ ।

सरकारले स्वदेशी फूललाई प्रोत्साहन दिए पनि अनौपचारिक तवरबाट बाहिरबाट फूल आइरहेको छ । नेपालीको घरआँगनमा फुलेका फूलको प्रतिस्थापन गर्न सक्ने गरी आयातित प्लास्टिकका माला र महँगा विदेशी कृत्रिम फूलहरूको प्रचलन बढ्दो छ । बजार र घर–घरमा देखिने आयातित कृत्रिम फूलले तिहारको मौलिक पहिचानलाई चुनौती दिइरहेको छ । यो चिन्ताको विषय हो । अब स्वदेशी फूलका मालाको प्रयोग गर्ने कुरामा सबैले ध्यान दिन आवश्यक छ । नेपालका विभिन्न भू–भागमा सयपत्री, मखमली, गोदावरीलगायत फूलको व्यावसायिक तथा घरेलु खेती हुँदै आएको छ । गाउँघरका करेसाबारी, खेतबारी र स्थानीय नर्सरीमा उत्पादन भएका फूलले तिहारको माग धान्न सक्ने सम्भावना पनि उत्तिकै छ । स्थानीय फूल प्रयोग गर्दा किसानले आभन्नो उत्पादनको उचित मूल्य पाउँछन् भने फूल खेतीप्रति उनीहरूको आकर्षण पनि बढ्छ । यसले स्थानीय उत्पादन र रोजगारीलाई प्रोत्साहन गर्नुका साथै ग्रामीण अर्थतन्त्रलाई समेत बलियो बनाउन महत्त पुऱ्याउँछ । तिहारमा स्थानीय फूलका माला प्रयोग गर्नु आर्थिक दृष्टिले मात्र होइन, वातावरणीय र सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण छ । हाम्रा चाडपर्व केवल रमाइलो र उत्सव मनाउने अवसर मात्र होइनन्, स्थानीय उत्पादन, संस्कृति र आत्मनिर्भरतालाई प्रवर्द्धन गर्ने माध्यम पनि हुन् । तसर्थ यस वर्षको तिहारमा सकेसम्म स्थानीय फूलका माला प्रयोग गर्ने संकल्प गरौं । आफ्नै गाउँठाउँमा फुलेका सयपत्री र मखमलीका मालाले आफन्तको सम्बन्ध मात्र होइन, किसानको मेहनत र स्थानीय अर्थतन्त्रलाई पनि सम्मान गरौं ।

Opinion @ Social Network

मलाई अब केहि चाहिदैन,
जे चाहिएको थियो त्यो मैले गुमाईसके।
(शंकर लम्तरीको फेसबुक स्टाटसबाट www.facebook.com/Shankar.Lamtari)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमुल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

पुरानोको पतन, नयाँको संकट र तेस्रो ध्रुवको खोजी



टेकेन्द्र जोशी

'पुरानो संसार मरिरहेको छ र नयाँ संसार जन्मन संघर्ष गरिरहेको छ, यो राक्षसहरूको समय हो ।' - इटालियन समाजवादी चिन्तक एन्टोनियो ग्राम्सी । ग्राम्सीले आफ्नो समयको राजनीतिक र सामाजिक संकटको विश्लेषण गर्ने क्रममा प्रस्तुत गरेको यो विचार आजको नेपाली राजनीतिको वास्तविक चरित्र बुझ्न निकै सान्दर्भिक छ । कुनै पनि समाजमा पुरानो राजनीतिक व्यवस्थाले आफ्नो औचित्य गुमाउँदै जानु र त्यसको ठाउँ लिन सक्ने नयाँ व्यवस्था तत्काल निर्माण हुन नसक्नु आफैंमा जटिल संक्रमणकालीन अवस्था हो । यस्तो अवस्थामा पुराना राजनीतिक तथा सामाजिक संस्था, संरचना र शक्तिसम्बन्धहरू कमजोर हुँदै जान्छन् । स्थापित राजनीतिक शक्तिहरूको वैधता गुम्दै जान्छ र जनतामा असन्तुष्टि चुलिँदै जान्छ । तर जनताको त्यो असन्तुष्टिलाई सही दिशा दिन सक्ने वैचारिक स्पष्टता, राजनीतिक नेतृत्व र संस्थागत विकल्पको अभाव रहन्छ । त्यही राजनीतिक रिक्ततामा लोकप्रियतावाद, व्यक्तिवाद र अराजकताले ठाउँ बनाउँदै जान्छ । हो, आजको नेपाली राजनीति ग्राम्सीले व्याख्या गरेजस्तै जटिल संक्रमणको अवधिबाट गुज्रिरहेको छ ।

परम्परागत दलहरूको संकट

नेपालका परम्परागत राजनीतिक दलहरूले विभिन्न ऐतिहासिक कालखण्डमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । लोकतन्त्रको स्थापना, राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना र संविधानसभाबाट संविधान निर्माणजस्ता परिवर्तनमा उनीहरूको योगदानलाई अस्वीकार गर्न सकिँदैन । तर इतिहासको कुनै एक कालखण्डमा सामाजिक तथा राजनीतिक परिवर्तनका निम्ति खेलेको भूमिकाका आधारमा मात्रै कुनै राजनीतिक शक्तिले सधैँ आफ्नो औचित्य कायम राख्न सक्दैन । कुनै पनि राजनीतिक शक्तिको वैधता इतिहासमा उसले गरेको योगदानबाट मात्र होइन, वर्तमानका समस्या समाधान गर्न सक्ने संस्थागत क्षमता र भविष्यप्रतिको वैचारिक तथा राजनीतिक दिशानिर्देशबाट निर्धारित हुन्छ । यतीनेर नेपालका पुराना राजनीतिक दलहरू गम्भीर संकटको सामना गरिरहेका छन् । लामो समयसम्म सत्ताको अभ्यास गर्दा उनीहरूभित्र नातावाद, कृपावाद, गुटबन्दी, संस्थागत भ्रष्टाचार, राज्यस्रोतको दुरुपयोग र राजनीतिक संरक्षणवादजस्ता घातक प्रवृत्तिहरू विकसित भए । सार्वजनिक संस्था र संयन्त्रहरूलाई जनताको सेवा गर्ने माध्यमभन्दा सत्ता टिकाउने र आफ्ना आसेपासेको स्वार्थ पूरा गर्ने साधन बनाइयो । सामाजिक न्याय, समान अवसर, सुशासन र समृद्धिका प्रतिबद्धताहरू व्यवहारमा अपेक्षित रूपमा कार्यान्वयन हुन सकेन् । समस्या कुनै अमुक नेताको व्यक्तिगत कमजोरीमा मात्र सीमित थिएन । राजनीतिक दलहरूको सत्तामुखी राजनीति, संगठनात्मक संस्कृति, नेतृत्व निर्माणको प्रक्रिया, राज्य सञ्चालनको शैली र जनतासँगको सम्बन्धमै संरचनागत समस्या थियो । यसको परिणामस्वरूप जनतामा पुराना दलप्रतिको असन्तुष्टि क्रमशः अविश्वासको तहमा रूपान्तरण हुँदै गयो । उनीहरूले विगतमा के-कति योगदान गरेका थिए भन्ने प्रश्नभन्दा अहिलेका समस्याको समाधान किन दिन सकेनन् भन्ने प्रश्न निर्णायक बन्न थाल्यो । यही असन्तुष्टिले गत भदौमा जेनजी आन्दोलन गरायो ।

भदौरे उथलपुथल र नयाँ मोड

गत भदौ २३ र २४ गतेको जेनजी उथलपुथलले नेपाली राजनीतिको विद्यमान संकटलाई निर्णायक रूपमा सतहमा छताछुल्ल बनाइदियो । यसले केवल तत्कालीन केपी ओली सरकार वा केही नेताप्रतिको असन्तुष्टि मात्रै व्यक्त गरेन, बरु लामो समयदेखि सञ्चित हुँदै आएको राजनीतिक निराशा, दलहरूप्रतिको वितृष्णा, संस्थागत असफलता र राजनीतिमा पुस्तान्तरणको आकाङ्क्षालाई एकैपटक विस्फोट गराइदियो । नवयुवाहरूको त्यो आन्दोलनलाई केवल सामाजिक सञ्जालबाट उद्वेलित युवाहरूको आक्रोश वा सरकार परिवर्तनको घटनाका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन । यसभित्र राज्य र नागरिकबिचको सम्बन्धलाई पुनर्परिभाषित गर्ने, सार्वजनिक जीवनमा जवाफदेहिता र पारदर्शिता स्थापित गर्ने, भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्ने तथा राजनीतिमा नयाँ पुस्ताको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने आकाङ्क्षा अन्तर्निहित थिए । यस अर्थमा भदौ २३ को विद्रोह नेपाली राजनीतिमा नयाँ ऐतिहासिक चरणको सङ्केत थियो । तर आन्दोलनले पुरानो व्यवस्थामाथि प्रश्न उठाउनु र त्यसको विकल्पमा नयाँ व्यवस्था निर्माण गर्नु दुई नितान्त फरक काम हुन् । पहिलो काम जनताको आक्रोश, असन्तुष्टि र प्रतिरोधबाट पूरा हुन सक्छ । तर दोस्रो कामका लागि ठोस वैचारिक तथा राजनीतिक दृष्टिकोण, राजनीतिक संगठन र सामाजिक-आर्थिक रूपान्तरणको स्पष्ट खाका आवश्यक पर्छ । राम्रपाको उदय र सफलतालाई पनि यही ऐतिहासिक सन्दर्भ र पृष्ठभूमिमा हेरिनुपर्छ ।

लोकतान्त्रिक बनाम फासिस्ट

निश्चय पनि आजको राजनीतिमा सामाजिक सञ्जालको लोकप्रियता आफैंमा ठूलो शक्ति बनेको छ । सामाजिक सञ्जालले राजनीतिक अभिव्यक्ति, जनमत निर्माण र नागरिक सहभागिताको नयाँ सम्भावना खोलेको छ । तर यही माध्यमले राजनीतिको एउटा गम्भीर समस्या पनि जन्माएको छ- सामाजिक सञ्जालबाट प्राप्त लोकप्रियतालाई राजनीतिक योग्यताको मानक ठान्ने प्रवृत्ति । कुनै व्यक्तिको व्यक्तिगत लोकप्रियता र राजनीतिक क्षमता फरक कुरा हुन् । जनताले कुनै नेतालाई मन परायुन र त्यो नेताले जटिल राजनीतिक तथा संरचनात्मक अन्तर्विरोधको समाधान गर्न सक्नु नितान्त फरक कुरा हुन् । त्यस्तै, पुराना शक्तिप्रतिको जनआक्रोशबाट चुनावी लाभ उठाउनु र समाजको दीर्घकालीन रूपान्तरणको मार्गचित्र प्रस्तुत गर्नु पनि एउटै कुरा होइन । आजको वैश्विक लोकप्रियतावादको मुख्य विशेषता के हो भने यसले जनताका वास्तविक असन्तुष्टिलाई आकर्षक नारामा प्रस्तुत गर्छ । जटिल संरचनात्मक समस्यालाई सजिलो समाधानका रूपमा व्याख्या गर्छ, संस्थागत प्रक्रियाभन्दा व्यक्तिको इच्छाशक्ति र चमत्कारिकतालाई महत्त्व दिन्छ र आलोचनात्मक बहसलाई आफ्नाविरुद्धको गतिविधिका रूपमा चित्रण गर्छ । यसको अर्थ लोकप्रिय जनसमर्थन प्राप्त गर्ने हरेक शक्ति गलत वा सही हुन्छ भन्ने होइन । तर यो जायज हो कि उनले जनतासँग गरेको प्रतिबद्धता र जनताले गरेको अपेक्षा पूरा गर्न सकेनन् भने नैतिकतामाथि गम्भीर प्रश्न पक्कै खडा हुन्छ । त्यसरी बुझाइमा अन्तर भयो भने कुख्यात फासिस्ट तानाशाह हिटलर र मुसोलिनीलाई पनि सही भन्नुपर्ने हुन्छ, किनकि उनीहरू पनि लोकप्रिय जनसमर्थनबाटै सत्तामा पुगेका थिए । लोकतन्त्रमा जनसमर्थन अनिवार्य छ । तर जनसमर्थनलाई सुसङ्गत विचार, नीति, कार्यक्रम र जवाफदेहितासँग जोड्न सकिएन भने त्यो रूपान्तरणको आधार बन्नुको सट्टा शासकीय अराजकता, दिशाहीनता र अस्तव्यस्तताको साधन बन्न सक्छ । त्यसैले सरकारको नेतृत्व गर्नु र राजनीतिक विकल्प प्रस्तुत गर्नु एउटै कुरा होइन । सरकार सञ्चालनको सफलता वा असफलताले तत्कालीन शासनको मूल्याङ्कन गर्छ । तर वास्तविक वैकल्पिक राजनीतिक शक्तिको पहिचान भने उसले समाजलाई कुन दिशामा लैजान चाहन्छ र त्यसका लागि कस्तो वैकल्पिक आर्थिक तथा राजनीतिक संरचना र संस्कृति निर्माण गर्न खोज्छ भन्ने प्रश्नबाट हुन्छ । यही कारण राम्रपालाई नयाँ पार्टी भएको आधारमा मात्रै वास्तविक वैकल्पिक शक्ति मान्न सकिँदैन । उसले नयाँ राजनीतिक संस्कृतिको निर्माण, पुरानो राज्य संरचना र शासनशैलीको रूपान्तरण तथा नीतिगत समस्याका अन्तर्विरोधहरूको समाधान गर्ने सुसङ्गत दृष्टिकोण प्रस्तुत गर्न सक्नुपर्छ ।

दुई ध्रुवबिचको शून्यता

नेपाली राजनीति यतिबेला व्यापक वीकरणको दिशातिर बढिरहेको छ । एकातिर पुराना राजनीतिक शक्तिहरू आफ्नो गुम्दै गएको राजनीतिक तथा संगठनात्मक आधार र वैधता पुनःस्थापित गर्न चाहन्छन् भने अर्कोतिर नवोदित राम्रपा गत निर्वाचनबाट प्राप्त सफलतालाई सत्ताको स्थायित्व र राजनीतिक विस्तारमा उपयोग गर्न खोजिरहेको छ । यी दुई प्रवृत्तिबिचको प्रतिस्पर्धा र ध्रुवीकरण नै आजको नेपाली राजनीतिको वास्तविक परिदृश्य हो । तर नेपाली राजनीतिको भविष्यलाई यही प्रतिस्पर्धाको परिणाममा मात्र सीमित गरेर हेर्नु पर्याप्त हुँदैन । पुराना दलहरूको पुनरागमनले मात्रै पुरानो राजनीतिक संकटको समाधान गर्दैन । त्यसैगरी, नयाँ नाम, नयाँ अनुहार र नयाँ निर्वाचन परिणामले मात्रै नयाँ राजनीतिक युगको सुरुवात सुनिश्चित गर्दैन । यदि पुराना दलहरूले आफ्नो राजनीतिक संस्कृति, वैचारिक दृष्टिकोण र संगठनात्मक संरचना परिवर्तन नगरी केवल नेतृत्वको अनुहार बदलेर आफ्नो क्षीण हुँदै गएको शक्ति पुनःस्थापित गर्न खोजे भने उनीहरूको संकट यथावत् रहनेछ । नयाँ शक्तिले पनि पुरानाप्रतिको असन्तुष्टिलाई आफ्नो राजनीतिक आधार बनाउँदै विचार, नीति र संस्थागत रूपान्तरणको प्रश्नलाई गौण बनायो भने उसले पनि अन्ततः उही संकटको पुनरुत्पादन गर्नेछ । त्यसैले नेपाली राजनीतिको आजको वास्तविक प्रश्न पुराना दलहरू फेरि सत्तामा फर्किन्छन् कि फर्किँदैनन् वा रास्वपा सत्तामा टिकिरहन्छ कि रहँदैन भन्ने मात्र होइन । प्रश्न हो- के नेपालले पुरानो राजनीतिक व्यवस्थाका संरचनागत सीमालाई पार गर्न सक्ने नयाँ राजनीतिक विचार, संस्कृति र संस्थाहरू निर्माण गर्न सक्छ ? यही प्रश्नले तेस्रो वैचारिक राजनीतिक ध्रुवको अनिवार्यतालाई सतहमा ल्याएको छ।

तेस्रो ध्रुव

तेस्रो ध्रुव भन्नाले विद्यमान प्रतिस्पर्धी ध्रुव-पुराना राजनीतिक दलहरू र नयाँ शक्ति रास्वपाबिचमा अर्को एउटा पार्टी गठन गर्नु मात्र होइन । वास्तविक तेस्रो ध्रुवको अर्थ नेपाली समाजका नयाँ प्रश्नहरूको उत्तर दिन सक्ने नयाँ वैचारिक दृष्टिकोण, नयाँ राजनीतिक संस्कृति र नयाँ राज्य निर्माणको अवधारणा विकास गर्नु हो । आज नेपाली समाजमा नागरिकका आकांक्षा बदलिएका छन् । सूचनामा पहुँच बढेको छ, पुराना सामाजिक सम्बन्धहरू परिवर्तन भइरहेका छन् र नयाँ पुस्ताले राज्य तथा राजनीतिक दलसँग गर्ने अपेक्षा पनि बदलिएको छ । तर राजनीतिको मूल कार्यशैली र राज्य सञ्चालनको संस्कृतिमा अपेक्षित परिवर्तन आउन सकेको छैन । प्रश्न नयाँ छन्, समस्या नयाँ छन्, तर तिनको उत्तर दिने राजनीतिक सोच अझै धेरै हदसम्म पुरानै छ। यही अन्तर्विरोधको समाधान तेस्रो ध्रुवको वैचारिक, राजनीतिक र सैद्धान्तिक आधार बन्नुपर्छ । यो व्यक्तिकेन्द्रित होइन, विचारकेन्द्रित हुनुपर्छ । नेताको लोकप्रियताभन्दा नीतिको गुणस्तर, नारामन्दा कार्यक्रम र तत्कालीन सत्ताप्राप्तिभन्दा दीर्घकालीन संस्थागत रूपान्तरणलाई प्राथमिकता दिनुपर्छ । यसले आर्थिक विकासलाई केवल कुल गार्हस्थ्य उत्पादनको वृद्धिमा सीमित नगरी उत्पादन, रोजगारी, न्यायपूर्ण वितरण र नागरिकको जीवनस्तरमा सुधारसँग जोड्नुपर्छ । लोकतन्त्रलाई आवधिक निर्वाचनमा मात्र सीमित नराखी निर्णय प्रक्रियामा नागरिकको अर्थपूर्ण सहभागिता, शक्तिको नियन्त्रण र संस्थागत जवाफदेहितासँग जोड्नुपर्छ । *-बाँकी तीन पेजमा...*

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२२३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१९९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५५५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५५५५७, ५५५५८८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४१९२०१
पिकेन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेट्रिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००५४

एम्बुलेन्सहरु
रोटरी क्लब बुटवल ०७१-५४६६००
लियो क्लब अप बुटवल ०७१-५४५८२३
रेडक्रस भैरहवा०७१-५२०४२३
रेडक्रस भैरहवा-०७१-५२१७९८
रेखुकाई भैरहवा ०७१-५२६७७,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००५५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८१-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१७५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस बेल्हा ०७५-५४७७९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१९९६४
न्यु एकता क्लब तानसेन : ०७५-४२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे इन्स्टी:९८५७७६२४७,९८५७७६४७४

दैनिक राशिफल

मेष : मनमा अज्ञात भय रहनेछ। व्यापार व्यवसायमा नयाँ योजनाहरू बन्नेछन्।
वृष : सामाजिक कार्यले प्रतिष्ठा बढ्नेछ। विद्यार्थीहरूलाई बोझबाट मुक्ति मिल्नेछ।
मिथुन : नयाँ निर्णय अघि सल्लाह लिनुहोला। मनोरञ्जनमा समय बित्नेछ।
कर्कट : राम्रो सफलताले उत्साहित हुनुहुनेछ। सुख सुविधामा धन खर्च हुनेछ।
सिंह : पुरानो साथीसँग भेटघाट हुनेछ। वाहन चलाउँदा सावधान रहनुपर्ने हुन्छ।
कन्या : आज हजुर ऊर्जावान रहनुहुनेछ। व्यापार व्यवसायलाई बढाउन सकिनेछ।
तुला : राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। नोकरी वा पेशामा मनोबल बढ्नेछ।
वृश्चिक : कार्यक्षेत्रमा आत्मविश्वास बढ्नेछ। पेशामा उच्च अधिकारीको साथ मिल्नेछ।
धनु : मनले सोचेअनुसार काम गर्न सकिनेछ। अभिव्यक्तमा संकोच नगर्नुहोला।
मकर : योजनाहरूलाई क्रियान्वित गर्न सफल हुनुहुनेछ। पठनपाठनमा मन लाग्ला।
कुम्भ : जीवनशैलीमा परिवर्तन ल्याउने समय छ। बैद्धिक क्षमताको प्रशंसा हुनेछ।
मीन : रोकिएका काम बन्नेछन्। अध्ययन र सृजनात्मक क्षेत्रमा विकास हुनेछ।

बाल बाटिका

कथा — कृष्णमणि पराजुली

एउटा सानो झोला



दिनभरको थकाइले कृपासुर शिथिल थियो । हलचल गर्ने कुनै उत्साह नै थिएन उसमा । त्यसैले घर आउनेबित्तिकै खाना खायो र सुत्न गयो । ऊ एक दिन मात्र शिथिल हुने होइन । प्रत्येक दिन ऊ शिथिल भएकै हुन्थ्यो । शिथिल हुनु उसको एक प्रकारको नियति नै हो । किनकि दिनभर उसले शारीरिक बलको काम गर्दछ । कुनै दिन पनि उसले आराम गर्न पाउँदैन । एक दिन थकाइ माऱ्यो वा काम पाएन भने परिवारको मुखमा माड लाग्दैन । जसरी भए पनि परिवारलाई पाल्नु नै पर्दछ उसले । त्यसैले दिनरात भन्न पाउँदैन कृपासुरले । उसलाई यो काठमाडौंमा कहिल्यै कामको खाँचो पर्दैन । जहिले पनि काम पाएकै हुन्छ । गल्लीभित्र घर बनाउन त्यति सजिलो हुँदैन रहेछ । गाडीभित्रसम्म जान नसक्ने भएकाले निर्माण सामग्री बोकेरै लैजानुपर्दछ । अर्को कुरा, दिनमा मानिसको भीडभाड र सवारीसाधनको चाप हुने भएकाले निर्माण कार्य गर्न सजिलो हुँदैन । त्यसैले काठमाडौंका गल्लीमा राति काम गर्न सहज हुँदोरहेछ । कतिपय ज्यामीहरू रातभर काम गरेर दिनमा सुत्दारहेछन् । राति काम गर्नेहरूले अलि धेरै पैसा पाउने हुनाले कृपासुरलाई रातको काम मन पर्दोरहेछ । पाएसम्म ऊ राति नै काम गर्छ। नपाए मात्र दिनमा काम गर्छ । यसरी प्रत्येक दिन श्रम बेचेर आफ्ना नालानाति पाल्दछ कृपासुरले । उसले ज्यामी काम गरेको पनि धेरै वर्ष भइसकेको छ । त्यसैले नलिने टोलमा उसलाई नचिन्ने कोही छैनन् । कामको खोजीमा ऊ अन्यत्र जानुपर्दैन । यो टोलमा उसलाई ज्यामी कामको भ्याइनभ्याइ छ । सधैं काम गर्ने भएकाले ऊ थकित पनि हुन्छ । थाके पनि के गरोस् बिचरा कृपासुरले ? काम नगर्ने हो भने उसको चुलो नै बल्दैन । कृपासुरले गाउँ छोडेको पनि ४० वर्ष भइसकेछ । अहिले ऊ ७० वर्षमा दगुर्दैछ । यो उमेरमा पनि उसले एक दिन आराम गर्न पाएको छैन । छोरी बिहे गरेर गइसकेकी छ । छोरो स्वदेशमा काम नपाएर विदेश पलायन भएको छ । साना नातिनातिनाहरूको स्याहारसुसार र लालनपालन गर्नुपर्ने कृपासुर दम्पतीको बाध्यता छ । बुहारी पनि शारीरिक कमजोरीका कारण केही गर्न सक्ने अवस्थामा छैन । त्यसैले भएभरको जिम्मेवारी यी दुई बुढाबुढीको टाउकोमा छ । कृपासुरको कथाव्यथा पनि अचम्मको रहेछ । गाउँमा उसको जग्गाजमिन प्रशस्त रहेछ । बा पहिले नै बितेका हुनाले भएको सम्पत्ति बेवारिसे भएछ । सोझी आमाले सम्पत्ति जोगाएर राख्न सकिनछिन् । टाठाबाठाले ल्याप्चे लगाउँदै आफ्नै बनाएछन् । कृपासुरले आफ्नो सम्पत्ति भन्नै पाएनछ । त्यसैले गाउँमा जीवन चलाउन नसकेपछि काठमाडौं छिरेको रहेछ । बुढी आमालाई आफू जन्मिएको र हुर्किएको थातथलो छोडेर अन्यत्र जान मनै लागेनछ । त्यसैले उनी गाउँमै बसेकी छिन् । ९० वर्षको हाराहारीमा पुगेकी बुढी आमा मन्दिरको आश्रममा बसेर जीवन काटिरहेकी छिन् । दिनदिनै आमालाई सम्झिन्छ कृपासुन । बुढी आमा पनि कृपासुरलाई सम्झिन्छिन् । साना भुराभुरीहरूलाई सम्झिन्छिन् । तर, यी आमा-छोराको लामो समयदेखि भेट हुन सकेको छैन । बुढी आमा हिँडडुल गर्न सक्दिनन् । उनी आफ्नो जन्म र कर्मथलो छोडेर अन्यत्र जानै चाहन्नन् । गाउँको जग्गाजमिन अरूले हडप्ने, बुढी आमा मन्दिरको आश्रममा बस्न बाध्य हुनु र कुनै उपाय नलागेपछि आफ्नो थातथलो छोडेर ज्यामी काम गर्न काठमाडौं छिर्नु–यी सबै कृपासुरको जीवनका नियति बनेका छन् । ऊ आफ्नो अतीतलाई नियाल्छ, वर्तमानलाई हेर्छ र भविष्यको आकलन गर्छ । कुनै काल पनि उसको लागि राम्रो देख्दैन । त्यसैले ऊ दिक्दार हुन्छ । जीवनदेखि निराश हुन्छ। निराश भएर पनि के गर्ने उसले ? केही उपाय नै छैन । मनमा कुरा खेलाउँछ र झोकाएर बस्छ । जे जसरी भए पनि उसले परिवार धान्नै पर्दछ । घरखर्च चलाउने पर्छ । यिनै बाध्यताले गर्दा सकिनसकी नलिने टोलका गल्लीगल्ली दगुर्छ कृपासुर । उसको हातमा नाम्लोले छोड्दैन । फाटेको जाँगे र पोलेको चप्पलले उसलाई साथ नछोडेको पनि ४० वर्ष पुगिसकेको छ । अहिले कृपासुर किंकर्तव्यविमूढ छ । उसको जीवन लथालिङ्ग र भताभुङ्ग भएको छ । बुढी आमा न काठमाडौं आउन चाहिन्छन्, न गाउँमा नै उनको बस्ने राम्रो व्यवस्था छ । भक्तजनले दिएका एक-दुई मुठी अन्नले उनी बाँच्नुपरेको छ । सम्पत्ति कमाउन विदेश गएको छोरो शूरवीरको हालत पनि त्यस्तै दयनीय छ । विदेश जान लिएको ऋण तिर्न सकेको छैन । ब्याज थपिँदै जाँदा तिर्नुपर्ने ऋण थुप्रिएको छ । कम्पनीको मालिकले तोकिएको ज्याला कहिल्यै दिएको हुँदैन । सर्तबमोजिमको ज्याला माग्दा कामै छोडेर जा भन्छ मालिकले । जसरी भए पनि पेट पाल्ने पऱ्यो भनेर शूरवीर कमाउने नाममा खाडी मुलुकमा अल्झिरहेको छ । साहुको ऋण तिर्न नसकेर ऊ पनि चिन्तित छ । रोगी श्रीमतीको उपचार गर्न, छोराछोरीलाई एक धर्को राम्रो लुगा र एक छाक खान पनि उसले पैसा पठाउन सकेको छैन । ऊ पनि जिन्दगीदेखि वाक्क भएको छ । आफ्नो देशमा न गरीखाने अवसर मिल्यो, न विदेशमा । अहिले शूरवीर यस्तो निष्कर्षमा पुगेको छ कि कमाउनुभन्दा पनि जसरी भए पनि उसले साहुको ऋण तिर्नुपर्दछ । ऋण चुक्ता भएपछि आफ्नै देशमा फर्किए अरूको बाँझो खेतलाई हराभरा बनाउँछु भन्ने सोच्दछ । माया गर्ने कोही नभए पनि जन्मथलो त उसको आफ्नै हो । गाउँ आफ्नै हो । उकालीओरारी, भञ्ज्याङ, चौतारी आफ्नै हुन् । नदी, नाला, खोला, खोल्सी आफ्नै हुन् । तिनीहरूले उसलाई के गरेका छन् र आफ्नो देश र जन्मथलो नफर्किनका लागि ? विभिन्न कुरा मनमा खेलाइरहेको हुन्छ शूरवीर । प्रकृति उसको विरुद्ध छैन । तर, उसलाई माया गर्ने कोही नभएपछि त्यहाँ पनि कसरी जीवन निर्वाह गर्न सक्छ र ? आफ्नै भन्नेहरू सबै दुश्मन भएपछि गाउँमा बस्न सक्ने अवस्था पनि त रहेन । त्यसैले त उसको परिवारले गाउँ छोडेर काठमाडौंको गल्लीमा बास खोजेको हो । कृपासुरकी आमा भगवती मन्दिरमा बसेर मृत्यु कुरिरहेकी छिन् । उनलाई छोरा कृपासुर र उसको परिवारको अत्यन्त माया छ, तर त्यो माया देखाउन सकेकी छैनन् । किनभने उनी काठमाडौं आउनै चाहन्नन् । उनलाई त्यही मन्दिरको आश्रममा मन बसेको छ । आफ्नो जग्गाजमिन नभए पनि त्यही गाउँ उनको लागि प्रिय छ । त्यही मन्दिर नै उनको लागि रमाइलो छ । उता कृपासुरलाई आफ्नो जन्मथलोको माया भए पनि त्यहाँ बस्ने अवस्था छैन । ऊ अपहेलित भएर गाउँ छोड्न बाध्य भएको थियो । भएको जग्गाजमिन पनि अरूले नै हडपेका थिए । त्यसैले त्यहाँ बसेर जीवन निर्वाह गर्न सम्भव नभएपछि काठमाडौं हानिएको थियो कृपासुर । कृपासुरलाई त्यही बुढी आमाको बारम्बार सम्झना आइरहन्छ। बेलाबेलामा आउने बाडुली पनि आमाकै हो जस्तो लाग्दछ । त्यसबेला उसको छाती ढक्क भएर आउँछ । शरीरबाट खलखली पसिना निस्कन्छन् । आँखा तिरमिर हुन्छन् । आँखाकै अगाडि अँध्यारो हुन्छ । काठमाडौं छोडेर तुरुन्तै आफ्नै गाउँ फर्कू फर्कू लाग्छ कृपासुरलाई । तर, ऊ फर्किन सक्ने स्थितिमा छैन । किनभने काठमाडौंले उसको परिवारलाई धानिदिएको छ । कृपासुरका मनमा अनेक कुरा आउँछन् । सेलाउँदै गएको दिनले बिदा लिइसकेको हुन्छ । रात नजिकिँदै छ । दुई साना कोठामध्ये एउटामा श्रीमान-श्रीमती छन् भने अर्कोमा नातिनातिना र बुहारी । यी दुई कोठा उनीहरूका लागि आलिशान भवन भएका छन् । जहाँ उनीहरूका सबै इच्छा र आशा अटाएका छन् । यी दुई कोठा उनीहरूका लागि एउटा ठूलो फल्याटजस्तै भएका छन् । गाउँ, समाज र घरपरिवार सबै यी दुई कोठाले प्रतिनिधित्व गरेका छन् । यिनै कुरा मनमा खेलाउँदै कृपासुर भुतुक्क निदाउँछ । एक्कासि उसको मोबाइलमा घन्टी बज्दछ । कृपासुर निद्रामा भएकाले फोन उठाउन उसलाई मन लाग्दैन । तर, तारन्तार घन्टी बजिरहन्छ । घन्टीको आवाजलाई उसले सहन सक्दैन । त्यसैले निद्राबाटै मोबाइल उठाउँछ र कुरा गर्छ । हेलो, हेलो भन्छ । मलिन स्वरमा उताबाट पनि त्यस्तै हेलो, हेलो भन्ने आवाज आउँछ । एकैछिनपछि फोनमा कुरा हुन्छ । 'तिम्रो सामान आएको छ, लिन आउनु ।' कृपासुर : 'कहाँ ?' 'माछापोखरी ।'

–साहित्यपोष्ट डटकम

निबन्ध — होम सुवेदी

यिनका खुरुन्धारअघि म फतक्कै गल्छु

आखिर जिन्दगी न हो, यस जिन्दगीमा साथी चाहिन्छ, मित्र चाहिन्छ, हितैषी चाहिन्छ, । चाहेर वा नचाहेर पनि साथी ता मनग्गे हुँदा रहेछन् र हुन्छन् पनि । मलाई मित्ररहित जिन्दगी बढो विरसिलो र कष्टकर हुन्छ भन्ने लाग्छ । अप्ठेरो पर्दा सघाउने मित्र ता मेरो विचारमा देवतुल्य नै हो । मित्रताको नाममा कतिले स्वार्थसिद्ध गर्ने चलन पनि नबोक्ने होइनन्, यस्तै स्वभाव हुने साथीहरूको मलाई लाग्छ यस दुनियाँमा अधिक संख्या हुन्छ । तर निःस्वार्थताप्रेमी मित्रहरू पनि केही हुन्छन् भन्ने कुरा, त्यस्ता मित्ररहरूको कमी पनि भइहालेको छैन भन्ने कुरा पनि बिर्सिहाल्नु हुन्न । मेरा मित्रपङ्क्तिको अघिल्लो स्थान लिने मित्रहरू केही छन् । साहित्यिक, पेशाकर्मी तथा सफदयी । कतिपय त्यस्ता मित्रहरू तटस्थ पनि होलान् । जे भए पनि मित्ररहरूको स्नेहले म अभिभूत भएको छु, कृतज्ञ भएको छु । उता मान्छेका जिन्दगीमा शत्रुहरू पनि हुन सक्छन्, मान्छेले क्दाचित् शत्रुहरूको ड्फा पनि आफैं बनाएको हुन्छ । स्वत: बनेका पनि हुन सक्छन्, परिस्थितले जन्माएको पनि हुन सक्छ तर मलाई चाहिं लाग्छ मेरा शत्रुहरू कम छन् वा छैदैनन् । शत्रुहरू कमाउने काम मैले गर्नै पर्दैन, यसैले मेरा शत्रुहरू छैनन् होला भन्छु । कदाचित् यो मेरो भ्रम पनि हुनसक्छ । २०३१ सालदेखि बनेको एउटा सफदयी भित्र हुन् शेषराज शिवाकोटी । अरु अरु उनलाई श्रीमान् भन्लान् मलाई उनको नामसँग श्रीमान् जोडिरहनु पर्दैन । उनी मेरा लागि भुलिनसक्ना र पाइनसक्ना मित्र हुन् । मलाई उनको नामका साथ श्रीमान् जोडिरहने आवश्यता उहिले पनि परेन र अहिले पनि परेको छैन, न उनले मलाई पनि सर भनेर आदर गरिरहन पर्ने स्थिति परेको छ । हजुर भन्ने बानी पनि मलाई भने परेन तर किन हो अहिले उहाँ मलाई हजुरबाट सम्बोधन गर्नुहुन्छ । मलाई यो हजुरभित्र बिरसिलो लाग्छ, अलिक यसले खिर्च्याउँछ । मदनपुरस्कार गुठीको परिधिमा छुँदादेखि मित्र बनेको शेषराज जीवनभरको सफदयी मित्रका रूपमा परिणत होला भन्ने मलाई ऊ बेला कहाँ थाहा होस् । घट्टेकुलोमा मोहन कोइरालाका घर नजिक उनको घरमा म ऊ बेला पुगेयें । ओम बहालको मेरा डेरामा ता उनी आइ पनि पुगेनन् । उनी मेरा डेराको ता के कुरा घरमा पनि ३० वर्षपछि मात्र एक रातका लागि कुनै सन्दर्भवश आएथे र यता भद्रपुरको घरमा भने एक छाक सुदामाको कनिका पनि प्राप्त गरेका थिए । आउनु र नआउनुको कुनै तात्विक सम्बन्ध यस सन्दर्भमा छैन । तैपनि हाम्रो मित्रताको गाँठो बलियो गरी बाँधिएकै छ । साहित्य पढ्ने म, कानुन पढ्ने उनी । पढाएर पेट पाल्ने म, ओकालत र फैसला गरेर जीविका चलाउने उनी । गरीबको तल्लो तहको तल्लो फाँटको मान्छे म, उनी यसबाट केही माथि हुन् कि ? म भन्न सक्तिनँ । एउटा गजबको मेल थियो । कसरी हो कसरी म भन्न सक्तिनँ । कमल बाबुसँग भेट गर्न वा वासुदेव माष्टर साहेबसँग गफगाफ गर्न हो उनी जगदम्बा प्रेसमा पुग्दा नै हाम्रो मित्रताको बिउ रोपिएको रहेछ । यही म ठान्छु । वा अरु कुनै सन्दर्भमा त्यो प्रेस अर्थात् जगदम्बा प्रेसमा उनी पुगेका थिए मलाई उति धेरै फुम छैन, तर क्रमिक रूपमा उनको र मेरो मित्रता बढेर गएको थियो त्यसै प्रेसको बसाइबाट । उनको रुचि साहित्यमा भएको कुरा मैले पछि मात्र थाहा पाएँ । नयाँ साहित्यिक कृतिहरू किन्ने र पढ्ने अद्भूत बानी भएको मान्छे रहेछन् भन्ने मलाई पछि मात्र थाहा भयो । मलाई ता पुष्कर लोहनी, नृपेन्द्रपुरुष यादि मात्र पुस्तक किनेर पढ्ने भन्ने लागेको थियो त्यस लिस्टमा अर्को नाम शिवकोटीको पनि थपिएको थियो । म बबुराको रुचिको विषय साहित्य भए पनि नयाँ सामग्री किन्ने ख्यात्ता वा हैसियत भएको मान्छे थिइनँ । तैपनि म मदन पुरस्कार पुस्तकालयकै निकटमा परेकाले म पनि ऊबेलाका नयाँ सुजनाहरू तात्तातै पढ्ने अवसरका नजिकै थिएँ, साहित्यकारहरूको निकटमा पनि थिएँ । सारै जिज्ञासु स्वभाव थियो ऊ बेला मेरा मित्रको र आज पनि त्यही स्वभाव छँदैन । वास्तवमा मान्छेको स्वभाव हो, उसको स्वभाव कहाँ बदलिँदो रहेछ र ! साहित्यमा खर्च गर्ने व्यक्तिहरूको लहरमा सम्भवत: उनी एक्ला व्यक्ति थिए भन्ने लाग्छ । यस काममा उनी सम्भवत: आज पनि केही इनेगिनेका व्यक्तिहरूको लहरमा पर्दछन् । हाम्रो त्यसरी 'एकदा नारदो योगि' भनेझैं वा यलअभ यउउयल ब तष्भ भनेझैं गरी भेट भएको र मित्रता अघि आएको हो । यस अन्तरालमा उनी देशका अदालतअदालत चहारिसकेर थाकिसकेका छन् । कानुनका ठेलिहरूभित्र पाकिसकेका छन् । तर साहित्यको सेवाबाट कहिल्यै थाक्न छाँट देखिएको छैन । कताको न्यायाधीश, कताको साहित्यकार । बडो उल्टा छ उनको कर्मक्षेत्रर र कार्यक्षेत्र । काम एकातिर कुरा अर्कातिर भनेझैं उनको कार्यक्षेत्र, जीविकाको क्षेत्र कानुन, तर रुचिक्षेत्र र रीतिक्षेत्र साहित्य, क्या गजब ! पूर्वाञ्चल बस्दा उनले अनेकौं साहित्यकारहरूका जीवनी विशेषताहरूको केन्द्रा केन्द्रा केलाई ज्ञानगुनका कुरामा प्रकाशन गरिसकेका छन् । सुदूर पश्चिम पुगे पनि उनी भित्र पूर्वाञ्चलको गहिरो माया छ भन्ने मेरो ठनाइ छ । हाल सुर्खेतमा रहे पनि पूर्वाञ्चलमा छँदा र यता आउँदा अनेकौं पूर्वाञ्चलवासी साहित्यिकहरूको उठान गर्ने प्रयासका उनी भित्र अझै सुतेको छैन । बरु उनले यताका सुत्न र सुस्ताउन लागेकाहरूलाई अल्छ्याईबाट जाँगरिलो बनाउन र निद्राबाट बिउँझाउने प्रयत्न गरेका छन् । उतिखेर साहित्यका लागि सय रुपिया खर्चने शेषराज आज साहित्यकारका लागि र साहित्यका लागि लाख रूपया खर्च गरिहेका छन् । मलाई त अद्भूत लाग्छ, उनको यो बानीमा म अचम्म मान्छु । वासुदेव लुँईटेलले सानासाना खालको आकारमा साहित्यिकका जीवनी, (जस्तै शङ्कर लामिछाने, शङ्कर कोइराला, अलिमियाँ, नरपति पोखरेल, साम्बभक्त सुवेदी आदि) ऊ बेला प्रकाशित गरेको दृश्यबाट सम्भवत: उनी यस फाँटमा आएका हुन् यो मेरा ठनाइ छ । हो, होइन यो कुरा ता उनै जान्लान् । तर उनी यतातिर लागनुका पछिको कारण यही हो भन्ने मेरो लख हो । आज ज्ञानगुनका कुरामा अनन्त ज्ञानगुन भण्डार थुपार्ने काम जसरी मेरा मित्रले गरेका छन् अचम्म लाग्छ, एक ज्यानले पनि यसो गर्न सक्छ ? के उनीचाहिँ नेपालका अर्को मोतीराम होइनन् र ? एउटा एकेडेमीले गर्नै नसक्ने जतिको काम होइन र उनले गरेको यो काम ! मैले त्यति बढी प्रशंसा गरें भने फेरि उनको प्रगति रोकिएला, त्यतातिर नजाऊँ । मेरो जिन्दगीमा 'लेख् कि लेख्' भन्ने र खुरुन्धार गर्ने २ जना मित्ररु छन् । एक हुन् उनै शिवाकोटी र अर्का हुन् उनैले पूर्वाञ्चल र नेपालकै मोतीराम भनेर चिनाएको चुडामणि रेमी । यिनका अघि म सर्लक्कै गल्छु । अरुसँग ता "लेख्ने हो भने पारिश्रमिक टर्क्याऊ न त" भन्ने हिम्मत पनि हुन्छ । तर यिनका अघि मेरा नौनाडी गल्छन् । सकेको पनि कति हो यिनले यो अनुत्पादक कार्यको सेवा गरिहन ! यिनले फोन गरे भने मलाई हम्मे हम्मे पर्छ टार्न । बरु शेषराजजीलाई टाढा भएको कारणले टारिन्छ, चूडामणि रेम्मी भने टारेर नटर्ने प्रकृतिका मान्छे छन् । यस पालि शेषराजले फेरि एक दर्जन जति साहित्यकारहरूको जीवनीका फाँट वा अरु कुनै क्षेत्रका कुराहरू मसँग लेखिमाग्ने काम गरेका छन् । मानौं उनी मलाई पनि उनी जत्तिकै ज्ञानगुनका कुराले भरिएको ज्ञानभण्डार वा ज्ञानमणि मान्छे ठान्दा हुन् । म त्यसरी सबैका बारेमा सामान्य वा विशेष ज्ञान थन्क्याउने मान्छे आफूलाई ठान्दिनँ । सकें भने केही लेख्छु अन्यथा हुन्छ हुन्छ भन्छु । पछि ज्या है भनेर थकथकाएको अभिनय गर्छु । तर शेषराजजी, तपाईंकै बारेको विशेष अङ्ग जनमतले निकाल्ने भएपछि भने मलाई मैले थाम्न सकिनँ, ज्ञानगुनका अरु अरु अङ्गहरूका लागि लेख्नु पर्नेबारे भने सोचिरहेको छु, सकिनँ भने त्यस बारेमा मलाई माफ गर्नुहोला है ।

–समकालिन साहित्य डटकम

आज राष्ट्रिय सूचना ...

...निष्कर्ष

अन्त्यमा, फेरि पनि ग्राम्सीको विचारले सम्झाउने मुख्य कुरा के हो भने ऐतिहासिक संक्रमणका बेला पुरानो व्यवस्थाको संकट गहिरिँदै जान सक्छ । तर नयाँ व्यवस्थाको जन्म स्वत: सुनिश्चित हुँदैन । पुरानोको विघटन र नयाँको निर्माणबिचको अन्तरालमा समाजले विभिन्न खाले पपुलिस्ट (लोकप्रियतावादी), अराजनीतिक प्रवृत्ति र राजनीतिक विकृतिको सामना गर्नुपर्ने हुन्छ । नेपाली राजनीति आज त्यही चरणमा छ । पुराना राजनीतिक शक्तिहरूको विश्वसनीयता गुमेर गर्न वा रूपमा कमजोर भएको छ । रास्वपाले पुराना शक्तिहरूप्रतिको असन्तुष्टिबाट ठूलो राजनीतिक लाभ प्राप्त गरेर सत्तामा पुगे पनि त्यसलाई साँचो अर्थमा वैकल्पिक शक्ति भन्न सकिने आधार अझै स्थापित भएको छैन । यस परिस्थितिमा पुरानो शक्तिको पुनरागमन र नयाँ भनिएको शक्तिको निरन्तरताबिचको प्रतिस्पर्धालाई मात्र नेपाली राजनीतिको अन्तिम क्षितिज मान्नु ऐतिहासिक भूल हुनेछ । किनभने समाजले खोजिरहेको परिवर्तन केवल शासकको अनुहार होइन, राज्य-नागरिकबिचको सम्बन्धमा हो । त्यसैले आजको आवश्यकता अर्को एउटा नयाँ पार्टीको घोषणा मात्र होइन, बदलिएको नेपाली समाजका प्रश्नहरूको उत्तर दिन सक्ने नयाँ वैचारिक राजनीतिक धारको निर्माण हो । त्यस्तो धार, जसले पुरानाको असफलतालाई आफ्नो एकमात्र राजनीतिक पुँजी बनाउँदैन र लोकप्रियतालाई आफ्नो अन्तिम उपलब्धि ठान्दैन । जसले विचारलाई व्यक्तिभन्दा माथि, नीतिलाई नाराभन्दा माथि र संस्थागत रूपान्तरणलाई सत्ताप्राप्तिभन्दा माथि राख्छ । त्यसैले आजको राजनीतिक वैचारिक रिक्तता केवल संकट होइन, सम्भावना पनि हो । तर त्यो सम्भावना साकार हुन नागरिक असन्तुष्टिलाई विचारमा, विचारलाई कार्यक्रममा, कार्यक्रमलाई संगठनमा र संगठनलाई जनताबिच स्थापित गर्न सक्नुपर्छ ।

–रातोपाटी डटकम

छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु



पाल्पा, कार्तिक १८/ देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सडक दुर्घटनामा दुई पैदलयात्री, पोखरीमा डुबेर बालकको मृत्यु, दुई जना मृत फेला परेका हुन् ।

नवलपरासी पश्चिमको सुनवल नगरपालिका-४ लक्ष्मीपथस्थित सडकमा हायसको ठक्करबाट ६८ वर्षीया दिलमाया दर्जीको मृत्यु भएको छ । लु.२ ख ५०९७ नम्बरको हायसले ठक्कर दिँदा गम्भीर घाइते भएकी दर्जीको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारका क्रममा मृत्यु भएको हो । प्रहरीले हायस चालकलाई नियन्त्रणमा लिएको छ । त्यस्तै, कपिलवस्तुको शिवराज नगरपालिका-५ चन्द्रौटा खसी बजारस्थित सडकमा बुधबार बिहान मोटरसाइकलको ठक्करबाट ७० वर्षीया टिका पौडेलको मृत्यु भएको छ । रा.७ प २४४६ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा गम्भीर घाइते भएकी पौडेलको संजिवनी सामुदायिक अस्पताल चन्द्रौटामा प्रारम्भिक उपचारपछि चौरहा अस्पताल बुटवलमा थप उपचारका क्रममा मृत्यु भएको हो । प्रहरीले मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएको छ । यसैबीच, रूपन्देहीको शुद्धोधन गाउँपालिका-७ भगलापुरमा पोखरीमा डुबेर पाँच वर्षीय एलेक्स थारूको मृत्यु भएको छ । आनै घरनजिकै रहेको पोखरीमा डुबेर अशक्त भएका थारूको लुम्बिनी प्रदेशिक अस्पताल बुटवलमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । त्यस्तै, काभ्रे को भुम्लु गाउँपालिका-५ स्थित बारीमा ५० वर्षीय सुन्दर भुजेल मृत अवस्थामा फेला परेका छन् । दाङको घोराही उपमहानगरपालिका-१८ गुम्बा रोडस्थित सडक छेउमा पनि भारत घर भई सोही वडाको ढोरेनीमा डेरा गरी बस्ने ५० वर्षीय अभिमन्यु गुप्ता मृत अवस्थामा फेला परेका छन् । सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

कृषि पढेका युवाको रोजाइमा पुष्पखेती



बाँके, कार्तिक १८/ बाँकेको नेपालगन्जमा कृषि विषयमा स्नातक तह पूरा गर्न लागेका तीन विद्यार्थीले लोभलाग्दो पुष्पखेती गरेका छन् ।

नेपालगन्ज उपमहानगरपालिका-१९ स्थित फुटाहामा उनीहरुले प्रयोगात्मक रूपमा खेती गरेर आर्थिक उपार्जन गरेका छन् । स्थानीय बेदराज आर्चाय, असिम सिरदेल र चेतन केसीले १० कट्ठा जग्गामा सानो लगानी गरेर ठुलो प्रतिफल प्राप्त हुने विश्वास राखेका छन् । 'फिट फार्म' नामक संस्थामार्फत अनौपचारिक रूपमा सल्लाह गरेर पहिलो अभ्यासका रूपमा पुष्पखेती गरिएको संस्थाका सञ्चालक वेदराज आर्चायले जानकारी दिए । "अहिले फूलको अग्रिम 'बुकिङ' भइरहेको छ र खुद्रा पनि बिक्री गरिरहेका छौं," उनले भने । तिहारमा बजारमा फूलको माग बढी हुने र भारतीय आयातित फूलले बजारको माग धानिरहेको उल्लेख गर्दै सञ्चालक आर्चायले यस खेतीका लागि धेरै तयारी गर्नुनपर्ने उल्लेख गरे । सानो मेहनत र लगानीले नै ठुलो प्रतिफल हापिसल गर्न सकिन्छ भन्ने विश्वास पैदा भएको उनले बताए । उनका अनुसार फुटाहामा पानी नजम्ने ठाउँ छनोट गरेर चितवनबाट फूलको बीउ ल्याएर गत साउन महिनामा खेती सुरु गरिएको हो । तिहारअघि नै करिब रु ५० हजार बराबरको फूल बिक्री भएको जानकारी दिँदै उहाँले स्थानीयले अग्रिम बुकिङ गरेको बताउनुभयो । त्यसबाहेक बुटवल, दाङ, काठमाडौं, सुर्खेतलगायत जिल्लाबाट माग आए पनि स्थानीयलाई प्राथमिकता दिइएको छ । पुष्पखेतीसँगै तरबुजा र स्ट्रबेरीखेतीलाई प्राथमिकतामा राखेर काम गर्न खोजिएको उल्लेख गर्दै आर्चायले धेरैजसो विषयमा आफूले ज्ञान राखेकाले कुनै निकायलाई हारगुहार गर्न नपरेको स्पष्ट गरे । "पानी नजम्ने जग्गा छनौट गर्नुपर्छ र पानी धेरै भएको अवस्थामा त्यसको व्यवस्थापन गर्नुपर्छ," पुष्पखेतीबारे जानकारी दिँदै उनले रासससँग भने । वर्षे झरीमा रोग र किराको व्यवस्थापन गरेर लोभलाग्दो रूपमा फूलको उत्पादन गरिएको आर्चायले बताए । बजारीकरणको काम सामाजिक सञ्जालबाट नै भएको र त्यहाँबाट नै माग आएको उल्लेख गर्दै तिहारमा नेपालगञ्जको धम्बोझीमा माला र फूलको खुद्रा बेचबिखन हुने फिट फार्मले जनाएको छ । लुम्बिनी फ्लोरिकल्चर एसोसियसनका पूर्वसदस्य एवम् महिला उद्यमी सै बाँकेकी महासचिव बिन्दुचर्ति मगरले बाँकेमा करिब १३ बिगाहामा फूलखेती भएको जानकारी दिए । उनले स्थानीय तहलाई बजारीकरणका सम्बन्धमा नीतिनिर्माण गर्न आग्रह गरे । उनले जिल्लामा सयपत्री, कलकते, आगा ३५५ जातका फूलको खेती भएको उल्लेख गर्दै भारतीय फूल आयातमा रोक लगाउनु आवश्यक भएको धारणा राखे । बाँकेको नरैनापुर, खजुरा, नेपालगन्ज र कोहलपुरमा पुष्पखेती गरिएको छ ।-*रासस*

खेलकुद समाचार

पोखरालाई हराउँदै लुम्बिनी एनपीएलको शीर्षस्थानमा



काठमाडौं, कार्तिक १८/नेपाल प्रिमियर लिग (एनपीएल)मा सावित विजेता लुम्बिनी लायन्स अंकतालिकाको शीर्षस्थानमा पुगेको छ । मंगलबार भएको खेलमा लुम्बिनीले पोखरा एभेन्जर्सलाई ८ विकेटले हरायो । जीतसँगै लुम्बिनीको ३ खेलमा ५ अंक भएको छ । लुम्बिनीले यसअघि उद्घाटन खेलमा सुदूरपश्चिम रोयल्सलाई ७ विकेटले हराएको थियो । शनिवार चितवनसँगको खेल भने वर्षाका कारण रद्द भएको थियो । दुवै टोलीले समान एक/एक अंक बाँडेका थिए । खेलमा पोखराले दिएको ९८ रनको लक्ष्य लुम्बिनीले ११.४ ओभरमा दुई विकेट गुमाएर भेटायो । त्यसअघि त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा टस हारेर ब्याटिङ गरेको पोखराले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ९७ रन बनाएको थियो । त्यस्तै मंगलबार भएको अर्को खेलमा विराटनगर किङ्सले जनकपुर बोल्टसलाई २ रनले हरायो । एनपीएलमा आज बुधवार विश्राम दिन रहेको छ । बुधबार खेल हुने छैन । बिहीवार लुम्बिनी लायन्स र जनकपुर बोल्टस् तथा काठमाण्डौ गोर्खाज र विराटनगर किंग्सबीच खेल हुने तालिका छ । आठ वटा टोली सहभागी तेस्रो संस्करणको एनपीएल आउँदो मङ्सिर ५ गतेसम्म चल्नेछ ।

वर्गिकृत डिस्प्ले


१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

शेयर बजार बढ्यो



पाल्पा, कार्तिक १८/साताको तेस्रो सेयर कारोबार दिन बुधबार नेप्से परिसूचक सामान्य अंकले बढेर बन्द भएको छ ।

यसदिन नेप्से परिसूचक १ दशमलव ४० अंकले बढेर २६६५ दशमलव ५३ विन्दुमा अडिएको हो । साताको दोस्रो सेयर कारोबार दिन मंगलबार नेप्से परिसूचक ६ दशमलव ६२ अंकले बढेको थियो । मंगलबार ५ अर्ब ६५ करोडको सेयर कारोबार भएको थियो । नेप्से सामान्य अंकले बढे पनि कारोबार रकम भने मंगलबारको तुलनामा वृद्धि भएको छ । यसदिन ३५८ वटा स्क्रिप्सको २ करोड २१ लाख २३ हजार ४१४ कित्ता सेयर ७ अर्ब ४३ करोड ९३ लाख ६६ हजार ४९ रुपैयाँमा खरिदबिक्री भए । कारोबारमा आएकामध्ये ९८ वटा स्टक्सको मूल्य बढ्दा १७१ वटाको घट्यो । ९ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । नेपाल रिइन्स्योरेन्स कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । हिमालयन रिइन्स्योरेन्सको सेयर ११ दशमलव ४८ प्रतिशतले बढ्दा स्वेत गंगा हाइड्रोपावर एण्ड कन्ट्रक्सनको सेयर८८ दशमलव ६५ प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा स्वेत गंगा हाइड्रोपावर एण्ड कन्ट्रक्सन शीर्षस्थानमा रह्यो । सो हाइड्रोले ८५ करोड मूल्य बराबरको सेयर कारोबार गर्यो । घोराही सिमेन्ट इन्डस्ट्रिजले ५१ करोडको कारोबार गर्दा हिमालयन रिइन्स्योरेन्सले ३६ करोड,एनआईसी एसिया बैंकले ३२ करोड र घलेम्दी हाइड्रोपावर २१ करोड मूल्य बराबरको सेयर कारोबार गरे । चार समूहको उपसूचक बढ्दा बाँकी समूहको उपसूचक नकारात्मक देखिए । लाइफ इन्स्योरेन्स,म्युचुअल फण्ड,अदर्श र ट्रेडिङ समूहको उपसूचक सकारात्मक बन्दा बाँकी समूहको उपसूचक नकारात्मक देखिए ।

दुई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सावित चित्तुडधारा गा.वि.स.-८, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 607875 W का Hony Capt आनन्द कुमार थापा सारु (ना.प्र.सा आनन्द कुमार थापा सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पहामा रम्भा सारु र जन्म मिति सन् १४७२ जुन १५ (वि.स.२०२४/०३/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा रम्भा थापा सारु, जन्म मिति वि.स. २०२५/०३/०२ (सन् १४७२ जुन १५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ५४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक सोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-४२१४६६, ४२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. १८/०७५/०७२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायामाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई